# भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको ४७ औं बैठकका निर्णयहरू

## (मिति २०७७ कार्तिक २३ गते)

**निर्णय नं. १**

भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

भरतपुर महानगरपालिकाको लेखा समितिको कार्यविधि (TOR), २०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

भरतपुर महानगरपालिकाको बजार अनुगमन सम्बन्धी कार्यविधि,२०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

भरतपुर महानगरपालिकाको प्रारम्भिक वातावणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

भरतपुर महानगरपालिका डिजिटल डिस्प्ले बोर्ड, लाईट बोर्ड लगायत अन्य विद्युतीय प्रचार सामग्री सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

भरतपुर महानगरपालिकाको वडा नं. १५ स्थित गौतम आधारभूत विद्यालयको नक्सा पास गर्दा सेटब्याकमा छोड्नुपर्ने जग्गा नछोडिएकोमा लचकता अपनाई नक्सा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

भरतपुर महानगरपालिकाद्वारा सञ्चालित कोभिड-१९ आईसोलेसन केन्द्र बागेश्वरीमा हालसम्म भएको खर्च रु. ५५,७२,४००।- (पचपन्न लाख बहत्तर हजार चार सय रुपैयाँ) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

भरतपुर महानगरपालिकाबाट भरतपुर केन्द्रीय बस टर्मिनल र पोखरा बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि ईजाजत प्राप्त कम्पनी एन. के. इन्टरनेसनल कन्ट्रक्सन प्रा. लि. भरतपुरले विश्वभर फैलिएको कोभिड-१९ को महामारीका कारण नेपाल सरकारद्वारा मिति २०७६ चैत्र ११ गतेदेखि जारी भएको बन्दाबन्दीका कारण मिति २०७७ भाद्र मसान्तसम्म सार्वजनिक यातायात सञ्चालनमा नआएको हुँदा उक्त अवधिको स्वीकृत ठेक्का रकमको अनुपातमा हुने रकम छुट मागदाबीको निवेदन तथा हाल कोभिड-१९ महामारीका कारण उत्पन्न विषम परिस्थितिका कारण उक्त ठेक्का संचालन गर्न नसकिने भएकाले उचित निकासका लागि समेत पेश भएको निवेदनको सम्बन्धमा छलफल हुँदा हालको लागि उक्त बन्दाबन्दी अवधि (मिति २०७६ चैत्र ११ गतेदेखि २०७७ भाद्र मसान्तसम्म) को रकम रु. १,५६,३३,००६।- (एक करोड छपन्न लाख तेत्तीस हजार छ रुपैयाँ) छुट दिने र बाँकी अवधिको ठेक्का सञ्चालनको विषयमा उप-प्रमुखज्यूको संयोजकत्वमा तपसिल बमोजिम ६ सदस्यीय समिति गठन गरी प्रतिवेदन पेश भए बमोजिम हुने गरी कार्यान्वयन गर्ने र उक्त निर्णयलाई नगरसभामा पेश गरी समर्थन गराउने निर्णय गरियो ।

**तपसिलः**

क) उप-प्रमुख - संयोजक

Scanned with CamScanner

ख) वडा नं. १ का वडाअध्यक्ष -सदस्य

ग) वडा नं. ३ का वडाअध्यक्ष - सदस्य

घ) वडा नं. ९ का वडाअध्यक्ष - सदस्य

ङ) वडा नं. १० का वडाअध्यक्ष - सदस्य

च) वडा नं. २१ का वडाअध्यक्ष - सदस्य

छ) राजश्व शाखा प्रमुख - विसुराम कुँवर- सदस्य– सचिव

**निर्णय नं. १०**

भरतपुर महानगरपालिका अन्तर्गत राजश्व महाशाखाबाट तपसिल बमोजिम जारी गरिएका "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्रको अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिलः**

क) श्रीमन ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. भरतपुर-१० चितवन

ख) सूर्य कमल कन्स्ट्रक्सन प्रा.लि., भरतपुर, चितवन

ग) पी. एस.पी. कन्स्ट्रक्सन प्रा.लि, भरतपुर-१२, चितवन

घ) अलटेक कन्स्ट्रक्सन एण्ड होम सोलुसन प्रा.लि, भरतपुर-४, चितवन

ङ) संस्कार निर्माण सेवा, भरतपुर-११, चितवन

च) उग्रचण्डी विल्डर्स भरतपुर-११, चितवन

छ) गौतम कन्स्ट्रक्सन प्रा.लि. टोखा न.पा. बाट भरतपुर-१५ मा नामसारी

ज) जलप नेपाल प्रा.लि. भरतपुर-८, चितवन

झ) ईच्छाकामना निर्माण सेवा भरतपुर-१०, चितवन

ञ) नेपाल उर्जा विकास कम्पनी प्रा.लि भरतपुर-१०, चितवन

ट) रिभियन ईन्जिनियरीङ्ग कन्स्ट्रक्सन सप्लार्यस एण्ड कन्स्ट्रक्सन प्रा.लि., भरतपुर-११, चितवन

**निर्णय नं. ११**

भरतपुर महानगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित विगतदेखि महानगरपालिका अन्तर्गतका आयोजनाहरुका लागि अस्थायी रुपमा सञ्चालित अस्फाल्ट, क्रसर प्लान्टहरुलाई बढीमा ६ (छ) महिनाको लागि महानगरपालिकाभित्र सञ्चालित तोकिएका आयोजनाहरुमा मात्र उत्पादित समाग्रीहरु प्रयोग गर्ने र उत्पादित सामग्रीको परिमाणको आधारमा कर लिनेगरी अस्थायी अनुमति दिइएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिलः**

क) भरतपुर महानगरपालिका वडा नं. २९ भतेरी कोहिनुर कन्सट्रक्सन प्रा.लि. द्वारा सञ्चालित अस्फाल्ट उद्योग ।

ख) भरतपुर महानगरपालिका वडा नं. २९ भतेरीमा मकवानपुर इञ्जिनियरिङ्ग एण्ड म्यानुफ्याक्चरीङ्ग प्रा. लि. द्वारासञ्चालित क्रसर उद्योग ।

ग) भरतपुर महानगरपालिका वडा नं. २६ भगेडीमा एस. बी. कन्स्ट्रक्सन प्रा.लि. द्वारा सञ्चालित क्रसर उद्योग ।

घ) भरतपुर महानगरपालिका वडा नं. २९ भोर्लेमा महानगर बालुवा उद्योगले सञ्चालन गरेको क्रसर उद्योग ।

ङ) भरतपुर महानगरपालिका वडा नं. १ ठिमुरामा धन बहादुर पौडेलको निजी जग्गामा राजीव कन्स्ट्रक्सन प्रोपाइटर टंक न्यौपानेद्वारा सञ्चालित अस्थायी क्रसर प्लान्ट ।

Scanned with CamScanner

निर्णय नं. १२

भरतपुर महानगरपालिका वडा नं. १८ मा परमानन्द स्मृति वैदिक विद्या भवन (गुरुकुल) ले जग्गा उपलब्ध गराई पाऊँ भनी दिएको निवेदनका सम्बन्धमा छलफल भयो । उक्त विद्यालयले साविकमा प्राप्त गरेको भरतपुर महानगरपालिका वडा नं. १८ को ५ (पाँच) कट्ठा जग्गासँग सीमाना मिल्ने गरी प्राविधिक खटाई नापजाँच गरी प्राप्त हुने प्रतिवेदनका आधारमा थप १० (दश) कट्ठा जग्गा उक्त विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

भरतपुर महानगरपालिका अन्तर्गतको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि विइएको रु. ३ करोड ५० लाख रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

भरतपुर महानगरपालिका वडा कार्यालयमा बीमा रकम दाबीको लागि सिफारिस माग गर्न आउने सेवाग्राहीसँग सिफारिस शुल्क लिने निर्णय गरियो ।

निर्णय नं. १५

भरतपुर महानगरपालिकाको आ.व. २०७७/०७८ को रातो किताबबाट गत आ.व. को अधुरो योजनामा छुट भएका तपसिल बमोजिमका योजनाहरु समावेश गर्ने निर्णय गरियो ।

अनुसूची १

आ.व. २०७७/०७८ को रातो किताबबाट गत आ. व. को अधुरो योजनामा छुट भएका योजना / कार्यक्रमहरु :

दोस्रो विवरण

मिति : २०७७/०७/२३

| सि. नं. | योजनाको नाम | योजनाको किसिम | सम्झौता रकम | हालसम्म भुक्तानी भईसकेको | छुट किताबमा समावेश | छुट भएको रकम | छुटेको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | न्यौपाने टोलबाट १६ नं. सीमानासम्म कालोपत्रे | वडा-स्तरीय | २००००००.०० | ५०००००.०० | ३८०६००.०० | १११९४००.०० | वडाले सोही विवरण दिएकोले |
| २ | नेवा समाज (गुठी) फूलबारीको कम्पाउण्डमा भीमसेन मन्दिर बनाउने कार्य | नगर-स्तरीय | ६६७७०४.४५ | २०००००.०० | ०.०० | ४६७७०४.४५ | वडाबाट विवरण नआएकाले |
| ३ | सिनर्जी एफ.एम. सडकतर्फ नहरको ओरालोमा पर्खाल निर्माण, नयाँ सडक ओरालोमा ढलान निर्माण तथा विद्युत पोल सार्ने कार्य | नगर-स्तरीय | २४०९२७५.५९ | ६३९५२४.०० | ०.०० | १५४०२७५.५९ | वडाबाट विवरण नआएकाले (अन्य जनश्रमदान) |
| ४ | आ. व. २०७५/०७६ को वडा नं. १७ कार्यालय भवन निर्माणको क्रममा Tube Well Construction | नगर-स्तरीय | १११५६०.९५ | ८३८५१.९५ | ०.०० | २७७०९.०० | |
| ५ | वडा नं. २० स्थित Tender Identification No: Metro/Bhr/W/NCB/53/2075/076 Construction of Compound Wall of Stadium | नगर-स्तरीय (आ.व. २०७५/०७६) | २८१९४४९.६८ | २२७०१३८.६० | ०.०० | ५८३८६६.०० | आ.व. २०७५/०७६ को योजना भएर |
| ६ | वडा नं. १० को सिनर्जी चोकबाट नहर सम्म वीरेन्द्र क्याम्पसको सडकमा वाल र सडक निर्माण कार्य | नगर-स्तरीय (आ.व. २०७५/०७६) | | | ०.०० | ७६०५५०.०० | आ.व. २०७५/०७६ को योजना भएर |
| जम्मा : | | | | | | ४४९९५०५.०४ | |

Scanned with CamScanner

निर्णय नं. १६

भरतपुर महानगरपालिकाका वडा नं. १८ मा निर्मित शीत– भण्डार (कोल्ड स्टोर) को संघसंस्थाको नपुग मापदण्डमा लतकता अपनाइ स्वीकृत गर्ने र नक्सापास दस्तुर वापतको रकम रु ९ लाख ३४ हजार ९८३ महानगरको योगदान मानी नक्सा पास गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

भरतपुर महानगरपालिका वडा नं. २९ मा २०७७ साल बैशाख ६ गते साँझ/राति आएको असिनाका कारण ५५५ जना स्थानीय वासिन्दाको घरमा क्षति पुगेको विवरण पेश भएकोमा प्राविधिकबाट मूल्याङ्कन गर्दा ४८१ जनाको घरमा क्षति पुगेकोले रु. १८,५५,८४०।– (अठार लाख पचपन्न हजार आठसय चालीस रुपैयाँ) बराबर रकम क्षतिपूर्ति दिने निर्णय गरियो ।

निर्णय नं. १८

भरतपुर महानगरपालिकाद्वारा सञ्चालित कोभिड-१९ आईसोलेसन केन्द्र बागेश्वरीमा उपचारत बिरामीको पीसीआर परीक्षण महानगरले व्यहोरिदिने र देहायका ३ वटा स्थानमा स्वाब संकलन केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

क) शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र

ख) शारदानगर स्वास्थ्य चौकी

ग) मेघौली स्वास्थ्य चौकी/बागेश्वरी आइसोलेसनकेन्द्र

निर्णय नं. १९

विज्ञापन कर ठेक्कामार्फत संकलन गर्ने सम्बन्धमा– चालू आ.व. को लागि भरतपुर महानगरपालिका अन्तर्गतका मुख्य व्यापारिक क्षेत्रहरुमा होर्डिङ्ग बोर्डलाई व्यवस्थापन गरी डिजिटल डिस्प्ले बोर्ड राख्ने र साविक भरतपुर महानगरपालिकाभन्दा बाहिरका अन्य क्षेत्रमा चालू आ.व. २०७७/०७८ को लागि महानगरपालिकाबाट जारी डिजिटल डिस्प्ले बोर्ड, लाईट बोर्ड लगायत अन्य विद्युतीय प्रचार सामग्री सम्बन्धी मापदण्ड, २०७७ बमोजिम तथा महानगरपालिकाबाट तोकिएका अन्य मापदण्ड बमोजिम हुने गरी आ.व. २०७७/०७८, २०७८/०७९ र २०७९/०८० गरी तीन आर्थिक बर्षको लागि जम्मा रु. १,७४,७२,०००।– (एक करोड चौहत्तर लाख बहत्तर हजार) मात्र न्यूनतम अंक कायम गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

भरतपुर महानगरपालिका, नारायणगढस्थित पुरानो तरकारी मण्डी, गणेशहल नजिकका दुईवटा पार्किङ्ग क्षेत्र, ट्रक पार्किङ्गबाट ठेक्का नलागेसम्म चालू बर्षका लागि राजश्वका कर्मचारी तथा नगर प्रहरी परिचालन गरी यसअघि कार्यालयबाट तोकिएका दर/रेटमा पार्किङ्ग शुल्क उठाउने निर्णयको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

Yuan Xin Recreation Company J/V Kathmandu Nepal ले सार्वजनिक– निजी साझेदारी अवधारणाअन्तर्गत वडा नं. ३/४ लगायतको क्षेत्रको कुल २३८.८९ विगाह जग्गामा Bharatpur Island Safari Venture(BISV)को स्थापना, सञ्चालन र व्यवस्थापन लगायतका कार्य गर्ने र ४५ वर्षपछि उक्त परियोजना महानगरपालिकालाई हस्तान्तरण गर्नेगरी पेश भएको आयोजनाको लागि प्रस्तुत अनुमानित लागत साविकमा रु. ८.९ अर्ब पेश भएकोमा डीपीआर डिटेल्स सर्भे रिपोर्ट तयार हुँदा अनुमानित लागत बढ्न गई रु. ९.९६ अर्ब पुगेको विषय जानकारीका लागि भनी मिति २०७७/०७/२३ (तदनुसार 9Nov 2020) मा प्राप्त भएको पत्रको व्यहोरा बैठकमा पेश भई जानकारी गराइयो ।

निर्णय नं. २२

भरतपुर महानगरपालिका ४ नं. वडाका वडाअध्यक्ष श्री हरिप्रसाद आचार्य र २३ नं. वडाका वडाअध्यक्ष श्री नरिनारायण पौडेलले पदभार ग्रहण भएदेखि क्रमशः २५ महिना तथा १४ महिनाको सेवासुविधा एकमुष्ठ जम्मा रु. ९ लाख ७५ हजार मागदावी गरेको हुँदा सो उपर वागमती प्रदेशले तर्जुमा गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,

Scanned with CamScanner

२०७५ बमोजिम उल्लेखित रकम आ. व. २०७७/०७८ जनप्रतिनिधिको सेवासुविधा सम्बन्धी बजेटशीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

भरतपुर महानगरपालिका आ.व. २०७६/०७७ को आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने रु. ४ (चार) लाख ३८ (अठ्तीस) हजार ४ (चार) सय १३ को चेक नसाटिएको हुँदा उक्त रकम भुक्तानी दिन बाँकी चालू बजेट आ.व. २०७७/०७८ बाट खर्च लेखी आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्ने निर्णय गरियो ।

**तपसिलः**

| सि.नं. | चेक नं. | विवरण | रकम रु. |
|---|---|---|---|
| १. | ५८१५३६८९ | आन्तरिक राजश्व कार्यालय | १३८०५ |
| २. | ५८१४२२९६ | आन्तरिक राजश्व कार्यालय | २३५०७ |
| ३. | ५८१२८४८० | आन्तरिक राजश्व कार्यालय | ९४४९३ |
| ४. | ६१९८९९७० | आन्तरिक राजश्व कार्यालय | ७२८०० |
| ५. | ६१९८९९५४ | आन्तरिक राजश्व कार्यालय | १२७८४ |
| ६. | ६१९८९९५५ | भरतपुर महानगरपालिका | ५०९४८ |
| ७. | ६१९८९९४८ | आन्तरिक राजश्व कार्यालय | २७९०२ |
| ८. | ६१९९०१३९ | आन्तरिक राजश्व कार्यालय | ३७६०३ |
| ९. | ६१९८९९८२ | आन्तरिक राजश्व कार्यालय | २१४३१ |
| १० | ६१९८९९८३ | भरतपुर महानगरपालिका | ३६१४८ |
| ११. | ६१९८९९८४ | आन्तरिक राजश्व कार्यालय | ४६९९२ |
| | | जम्मा | ४३८४१३ |

**निर्णय नं. २४**

भरतपुर महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री हरिप्रसाद आचार्य रवडा नं. ९ का वडा अध्यक्ष श्री यमलाल कँडेलकोभिड-१९ बाट संक्रमित भई हाल आफ्नै निवासमा आइसोलेसनमा रहनुभएको हुँदा उहाँहरु दुवैजनाको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।साथै वडा नं. ८ का वडा अध्यक्ष श्री दामोदर न्यौपानेर २३ नं. वडा का वडा अध्यक्ष श्री नरिनारायण पौडेल कोभिड-१९ को संक्रमणबाट मुक्त भई कार्यक्षेत्रमा सक्रिय रहनु भएकोमा हार्दिक बधाइ ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

भरतपुर महानगरपालिका विभिन्न सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भएको तर कोभिड-१९ को सङ्क्रमणको जोखिमका कारण विद्यालयमा अभिभावक भेला गर्न रोक लगाइएका कारण नगर शिक्षा समितिबाट बढीमा ६ महिनाका लागि अस्थायी विद्यालय व्यवस्थापन समिति गठनको निर्णय भई कार्यान्वयन समेत भइसकेकोमा त्यसरी गठन भएका अस्थायी विद्यालय व्यवस्थापन समितिको ६ महिनाको अवधि पूरा हुने चरणमा पुगेको र अन्य विद्यालयमा पनि वि. व्य. स. को पदावधि समाप्त भएको हुँदा अभिभावक भेलामार्फत स्थायी वि. व्य. स. गठन गर्न नसक्दा विद्यालयमा वि. व्य. स. नरहने अवस्था सिर्जना हुने भएकोले नेपाल सरकारले तोकेको कोभिड-१९ को मापदण्ड तथा सुरक्षात्मक उपाय पालना हुने गरी स्थानीय प्रशासनसँग समन्वय गरी अभिभावक भेलामार्फत वि. व्य. स. गठनको व्यवस्था मिलाउन शैक्षिक प्रशासन महाशाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २६**

महानगरपालिकामा उपभोक्ता समिति मार्फत काम गर्दा न्यूनतम २० प्रतिशत रकम जनसहभागिता वापत उठाउनु पर्ने नीति भएकोमा विशेष गरी सामुदायिक विद्यालयले यस किसिमको जनसहभागिता जुटाउन नसक्ने भएकोले महानगरमा निर्माण हुने सबै

Scanned with CamScanner

२०७८

सामुदायिक विद्यालयहरुलाई जनसहभागिता वापतको रकम अनिवार्य नगर्ने निर्णय गरियो । यसै सन्दर्भमा भरतपुर महानगरपालिका वडा नं. १६ स्थित निर्माणाधिन दुर्गा शेषकान्त अधिकारी मा. वि. को (नमूना विद्यालय पूर्वाधार निर्माण तर्फ) विनियोजित वजेट कार्यान्वयन गर्दा जनसहभागिता वापतको रकम जम्मा गर्नु नपर्ने समेत निर्णय गरियो ।

निर्णय नं. २७

भरतपुर महानगरपालिका २० नं. वडाका वडा अध्यक्ष श्री मणिलाल तमाङ्गको असामयिक निधन भएकोमा महानगरपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरी परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने र शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२०७८
२०७८/६/२२

Scanned with CamScanner